

**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ माघ २३ गते सोमबार ❑ 6 Feb. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।–


## प्रदेशसभालाई जनताका समस्या समाधान गर्ने थलोमा विकास गर्छौं : मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, २२ माघ

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले प्रदेशसभालाई जनताका समस्या समाधान गर्ने थलोका रूपमा विकास गर्ने बताउनुभएको छ ।

गण्डकी प्रदेशसभाको पाँचौँ वार्षिकोत्सवका अवसरमा प्रदेशसभा सचिवालयले आइतबार आयोजना गरेको कार्यक्रममा उहाँले प्रदेशसभालाई प्रभावकारी सञ्चालन गर्न आवश्यक स्रोतसाधनको प्रदेश सरकारको सामर्थअनुसार उपलब्ध गराउने प्रतिबद्धता जनाउनुभयो । सो अवसरमा मुख्यमन्त्री अधिकारीले विगतमा भैँ प्रदेशसभाले सरकारलाई प्रभावकारी बनाउन आवश्यक कानुन निर्माणमा सघाउने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "प्रदेशसभाले प्रदेश सरकारलाई प्रभावकारी बनाउन आवश्यक कानुन निर्माणमा महत्वपूर्ण भूमिका खेल्छ भन्ने पूर्ण विश्वास गर्दै यस सभालाई जनताका समस्या समाधान गर्ने थलोका रूपमा विकास गर्न चाहन्छु ।"

नेपालमा सङ्घीयता कार्यान्वयनमा अभै केही समस्या रहेको बताउँदै मुख्यमन्त्री अधिकारीले निजामती कर्मचारी सम्बन्धमा सङ्घीय कानुन नबन्दा



प्रदेशसभा निजामती कर्मचारी व्यवस्थापनमा समस्या भएको बताउनुभयो । "प्रहरी प्रशासन र शान्ति सुरक्षा प्रदेश मातहत भए पनि सङ्घबाट प्रदेशलाई हस्तान्तरण भएको छैन । साभा अधिकारका सूचीभित्र पर्ने विषयमा सङ्घीय सरकारले कानुन बनाइ प्रदेश तथा स्थानीय तहलाई सहजीकरण गर्न सकेको छैन । स्रोतहरू सङ्घीय सरकार मातहत छन्, प्रदेशलाई स्रोत परिचानलमा सीमित अधिकार मात्र प्रदान गरिएको छ ।" मुख्यमन्त्री अधिकारीले भन्नुभयो ।

सङ्घीयताले नागरिक र सरकारबीच तथा नागरिक र राज्यकाबीच नजिकको सम्बन्ध स्थापित गर्न सहयोग गरेको उहाँको भनाइ छ । मुख्यमन्त्री अधिकारीले गत वर्षमा कोरोना महामारीसँग लड्न स्थानीय तथा प्रदेश सरकारले जनताको नजिक रहेर महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "अबको समय विगतका अनुभवको सार खिच्ने र त्यसका आधारमा समाजमा उठेका बहसलाई पार लगाउँदै सङ्घीयतालाई मजबुत बनाउने उपयुक्त समय हो ।"

प्रदेशका निर्वतमान मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले प्रदेशसभाले बनाउने कानुन व्यावहारिक, जनतासँग छोएको र जनताका समस्या समाधान गर्न सहयोगी हुनुपर्नेमा जोड दिनुभयो । उच्च अदालत पोखराका न्यायाधिश डिल्लीराज आचार्यले प्रदेशसभाले हालसम्म बनाएका ऐन, कानुन जनअपेक्षाअनुसार बनेको छ वा छैन भनेर त्यसतर्फ ध्यान दिनुपर्ने बताउनुभयो । नेपाली कांग्रेस संसदीय दलका नेता सुरेन्द्र पाण्डेले सङ्घीयता बचाउन र गणतन्त्रको सवलीकरणका लागि सत्तापक्ष र प्रतिपक्षसँगसँगै जानुपर्ने धारणा राख्नुभयो । सरकार पनि बस्ने र अहिलेको व्यवस्था र प्रणालीका विरुद्ध अभिव्यक्ति दिने गरी प्रस्तुत विचार र कार्यशैली तत्काल परिवर्तन हुनुपर्ने पाण्डेले बताउनुभयो । नेकपा(माओवादी केन्द्र) संसदीय दलका नेता एवं भौतिक पूर्वाधार सहरी विकास तथा यातायात व्यवस्थामन्त्री हरिबहादुर चुमानले संविधान बमोजिम प्रदेश र स्थानीय सरकारले सङ्घबाट अधिकार प्राप्त गर्न नसकेको जिकिर गर्नुभयो । सामाजिक विकासमन्त्री एवं राप्रपा संसदीय दलका नेता पञ्चराम गुरुङ गण्डकी प्रदेशलाई सात प्रदेशमध्येमा अब्बल बनाएर सङ्घीयताको विपक्षमा रहेकालाई यस व्यवस्थाको पक्षमा आउने अवस्था सिर्जना गर्नुपर्ने बताउनुभयो । सभामुख कृष्णप्रसाद धितालले हालसम्म प्रदेशसभा भवन नहुँदा कार्यालय व्यवस्थापन गर्ने लगायतका काम बाँकी रहेकाले प्रदेश सरकार र सङ्घीय सरकारसँग अनुरोध गर्ने बताउनुभयो । प्रदेशसभाका सविच हरिप्रसाद पोखरेलले सभाले हालसम्म ५९ एने तथा कानुन निर्माण गरेको जानकारी दिनुभयो ।

## रास्वपाका मन्त्रीले बुझाए राजीनामा

**रासस**
काठमाडौं, २२ माघ

राष्ट्रिय स्वतन्त्र पार्टीबाट सरकारमा सहभागी मन्त्रीहरूले आइतबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई राजीनामा बुझाउनुभएको छ । आइतबार साँझ प्रधानमन्त्री निवास बालुवाटार पुगेर उहाँहरूले राजीनामा पत्र बुझाउनुभएको हो ।

रास्वपाका तर्फबाट मन्त्रिपरिषद्मा रहनुभएका श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्याल, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री शिशिर खनाल र स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री तोसिमा कार्कीले राजीनामा बुझाउनुभएको प्रधानमन्त्री दाहालको सचिवालयले जनाएको छ ।

यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सरकारबाट बाहिरिने भए पनि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारलाई दिएको समर्थन कायमै राख्ने भएको छ । आइतबार पार्टी केन्द्रीय कार्यालयमा आयोजना गरिएको पत्रकार सम्मेलनमार्फत पार्टी सभापति रवि लामिछानेले सरकारबाट बाहिरिए पनि सरकारलाई दिएको समर्थन फिर्ता नलिने बताउनुभएको छ ।

प्रधानमन्त्री दाहाल नेतृत्वको सरकारले रास्वपाको भागमा परेको गृह मन्त्रालय आफ्नो पार्टीलाई नदिने भएपछि सरकारबाट बाहिरिने निर्णय गरेको बताउनुभयो । लामिछानेले जनमतअनुसारकोसरकारमासहभागी भएर समभदारीमा काम अगाडि बढेको बताउनुभयो । उहाँले भन्नुभयो, "गृह मन्त्रालयमा बसेर विगतमा हामीले प्रत्येक दिन खटेर १२/१३ वर्ष धाएर पनि काम नबनी बसेको मान्छेलाई १२ मिनेटमा काम सम्पन्न गरेका थियौँ । आगामी दिनमा बोलाए पनि जान्छु । पदको लोभ भएर होइन कामका लागि जान्छु ।"

पूर्वमन्त्री तथा रास्वपाका सभापति लामिछानेले भन्नुभयो, "उपनिर्वाचनबाट निर्वाचित नभई म कहीँ जाँदा पनि जान्नँ । म उपनिर्वाचनमा फेरि जनताको माभमा जान्छु। जनताले जिताएछन् भने म आउँला, जिताएनछन् भने पनि राजनीतिचाहिँ गरिरहन्छु । मलाई कुनै ठाउँमा जानु छैन ।"

## पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्नुपर्छ : अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, २२ माघ

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्नुपर्ने बताउनुभएको छ ।

अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय पोखरा-१७ को २०औँ वार्षिकोत्सवको आइतबार उद्घाटन गर्दै उहाँले प्राकृतिक सौन्दर्य एवं विभिन्न पर्यटकीय गन्तव्यका आधारमा पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्न प्रदेश सरकारले पहल गर्ने बताउनुभयो । पोखरा काठमाडौँपछि अत्यधिक सङ्ख्यामा पर्यटक आउने गरेको भन्दै उहाँले गण्डकी प्रदेशको समृद्धिको आधार पर्यटक भएको बताउनुभयो। आरोहणको इतिहास रच्ने अन्नपूर्ण हिमालको काखमा अवस्थित पोखराको महत्त्वपूर्ण गन्तव्यका रूपमा रहेको पर्वतीय सङ्ग्रहालयको समग्र विकासमा प्रदेश सरकारका तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै उहाँले यसको विकासमा सबैको साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो ।

सङ्ग्रहालय सभ्यताको पहिचान भएको उल्लेख गर्दै मुख्यमन्त्री अधिकारीले हिमाल र हिमालीका गतिविधिबारे एउटै छानामुनि अध्ययन अवलोकन गर्न सकिने पर्वतीय सङ्ग्रहालयले सहासिक पर्यटक प्रवर्द्धन महत्त्वपूर्ण भूमिका खेल्दै आएको बताउनुभयो । गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्यमन्त्री पञ्चराम गुरुङले सङ्ग्रहालयलाई मनोरञ्जनभन्दा पनि ज्ञानको भण्डारका रूपमा लिइनुपर्नेमा जोड दिँदै आवश्यक सामग्री सङ्कलनसँगै प्रदर्शन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । नेपाल पर्वतारोहण सङ्घका सल्लाहकार डा गणेशबहादुर गुरुङले पर्वतीय सङ्ग्रहालय विश्वको


बाँकी अन्तिम पृष्ठमा ▶▶


## संस्कार सिकाउँदै संस्कृत शिक्षा

**पोखरापत्र संवाददाता**
पोखरा, २२ माघ

संस्कृत शिक्षाप्रतिको आकर्षणसँगै संस्कृत शिक्षा अध्ययन गर्ने विद्यार्थी र विद्यालयको सङ्ख्या पनि पछिल्लो समय ह्वात्तै बढेको छ ।

प्राचीन कालदेखि नै रहँदै आएको संस्कृत विद्याको परम्परालाई निरन्तरतामात्र नभई आत्मनिर्भर जनशक्ति उत्पादन गर्ने उद्देश्यले पोखराका विभिन्न ठाउँमा विद्यालय तहमा मात्र नभई उच्च तहसम्म संस्कृत शिक्षाको पठनपाठन सुरु भएको छ ।

पोखरमा चिसाखोला वेदविद्याश्रम, विन्ध्यावासिनी संस्कृत विद्यापीठ, संस्कृत क्याम्पस, संस्कृत मावि, केदारेश्वर विद्याश्रम, ढुङ्गेसाँगुस्थित वात्स्यायन गुरुकूल विद्याश्रम, लेखनाथको डाँडाको नाकस्थित गुरुकूल विद्याश्रमलगायतका स्थानमा संस्कृत शिक्षाको अध्यापन गराइन्छ । संस्कृत विद्याले विविध क्षेत्रमा प्राप्त गर्दै आएका विशेष उपलब्धिलाई समयानुसार अध्ययन, अनुसन्धान, संरक्षण र सम्वर्द्धनका साथै संस्कृत भाषाभित्र सञ्चित रहँदै आएका मानवका लागि उपयोगी ज्ञान-विज्ञान हासिल गर्न यस्तो शिक्षा फलदायी हुने विश्वास गरिँदै आइएको छ । संस्कृत शिक्षाप्रतिको आकर्षण बढेसँगै पछिल्लो समय पोखराको लेकसाइडस्थित केदारेश्वर महादेवमणि सेवाश्रम



समितिले श्रीकेदारेश्वर वैदिक गुरुकूल विद्याश्रम सञ्चालनमा ल्याएको छ । विसं २०७३ सालदेखि सञ्चालनमा आएको उक्त विद्याश्रममा ६९ जना विद्यार्थी अध्ययनरत छन् । उक्त विद्यालयका प्राचार्य गणेश पौडेलका अनुसार विद्याश्रमले कक्षा ६ मा विद्यार्थी भर्ना लिई कक्षा १२ सम्म अध्यापन गराउने उद्देश्यले विद्याश्रम सञ्चालनमा ल्याइएको हो । हाल विद्याश्रममा ६ देखि ११ कक्षासम्म अध्यापन भइरहेको छ। गतवर्ष आठ जना विद्यार्थीले एसइई दिएकामा पाँच जना ए प्लस र २ जना बि प्लस र एक जनाले बि ग्रेड ल्याएर उत्तीर्ण भएको जानकारी पौडेलले दिनुभयो । पोखराको केदारेश्वर स्थित विद्याश्रममा आवासीयरूपमा नै विद्यार्थीलाई संस्कृत शिक्षा अध्यापन गराइँदै आइएको छ । विद्याश्रममा परम्परागततर्फ संस्कृत व्याकरण, वेद, कर्मकाण्ड र संस्कृत भाषा विषय र आधुनिकतर्फ अङ्ग्रेजी, नेपाली, गणित र सामाजिक विषय अध्यापन गराइँदै आएको जानकारी प्राचार्य पौडेलले दिनुभयो। यसका साथै परम्परागततर्फ पुराण, रामायण, उपनिषद्, योग, ध्यान र सङ्गीतमा पनि अध्यापन गराइने बताइएको छ । केदारेश्वर वैदिक गुरुकूल विद्याश्रममा कक्षा ११ मा अध्ययनरत विद्यार्थी गणेश भण्डारीले आफ्नो सानैदेखिको रुचि संस्कृत शिक्षा भएकै कारण संस्कृत शिक्षा अध्ययन गरेको बताउनुभयो। संस्कृत शिक्षाले आफूलाई सन्तुष्टि प्रदान गरेको र आफ्नो अध्ययन पनि यसैमा अघि बढाउने भनाइ उहाँको छ । संस्कृत शिक्षाले बोलीमा स्पष्टता, उच्चारण गर्ने शैलीको विकास, शब्द चयनमा मिठास, उदार तथा देशभक्तिको भावना प्रदान गरेको अनुभव आफूसँग भएको विद्यार्थी भण्डारीको भनाइ छ ।

विद्याश्रमका शिक्षक माधव शर्माका अनुसार विद्यार्थीले प्रत्येक सोमबार केदारेश्वर मन्दिरमा साँझ महाआरती गर्ने गरेका छन् । समयानुकूलका शैक्षिक तथा प्राज्ञिक जनशक्ति उत्पादन गर्ने संस्कृत शिक्षा फलदायी हुने भनाइ शर्माको छ । सरकारको स्वीकृति लिएर पढाइएको उक्त विद्यालयमा अध्ययन गर्ने विद्यार्थीका लागि आवासीय सुविधा छ । नेपाल बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक विशेषता सम्पन्न राष्ट्र भएकाले विविध धर्म, संस्कृति, सभ्यता, इतिहास, कला, वास्तुकला, रहनसहन, रीतिरिवाज तथा सयौँ जातजातिका भाषा भाषिकाको अध्ययन, अनुसन्धान र संरक्षणमा सहयोग पुग्ने विश्वास शर्माको छ । विद्याश्रम सरोकारवालाबाट निकै राम्रो साथ र सहयोग पाउँदै आएको र आगामी दिनमा पनि संस्कृत शिक्षाको विकास र विस्तारमार्फत हाम्रा प्राच्य ऋषिमहर्षिहरूको तपस्याबाट सिर्जित ज्ञानराशिलाई आम जनसमक्ष पुर्‍याउनका लागि यो शिक्षा फलदायी हुने उहाँले बताउनुभयो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
- कालीदास

## सम्पादकीय

# रास्वपाको हतारको निर्णय

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सरकारबाट बाहिरिने निर्णय गरेको छ । आइतबार बसेको पार्टी केन्द्रीय समिति र संसदीय दलको संयुक्त बैठकले सरकारबाट फिर्ता हुने निर्णय गरेसँगै मन्त्रीहरूले राजिनामा दिएका छन । सरकारबाट बाहिरिए पनि सरकारलाई दिएको समर्थन कायमै राख्ने निर्णय भएको सभापति रबि लामिछानेले जानकारी गराएका छन । पार्टीका मन्त्रीले आइतबार प्रधानमन्त्रीसमक्ष राजीनामा बुझाउने सभापति लामिछानेले पत्रकार सम्मेलनमा जानकारी गराए ।

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारमा रास्वपाबाट शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री शिशिर खनाल र श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्याल छन । त्यसैगरी रास्वपाकै तर्फबाट तोसिमा कार्की स्वास्थ्य राज्यमन्त्री बनेकी छन । रास्वपाका मन्त्रीहरु खनाल, अर्याल र राज्यमन्त्री कार्कीले माघ ३ गते पद तथा गोपनीयताको शपथ लिएका थिए । रास्वपाका सभापति लामिछाने प्रचण्ड नेतृत्वको सरकारमा उपप्रधान एवम् गृहमन्त्रीको जिम्मेवारी सम्हालेका थिए । सर्वोच्च अदालतले नागरिकता मुद्दामा लामिछानेलाई माघ १३ गते उपप्रधान तथा गृहमन्त्री, सांसद र पार्टीको सभापतिसमेत नरहने फैसला गरेको थियो । माघ १५ गते जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट पुनः नागरिकता प्राप्त गरेपछि पार्टीले लामिछानेलाई केन्द्रीय सदस्य हुँदै पार्टी सभापतिमा मनोनित गरेको थियो ।

दुई दिनको अल्टिमेटम दिएको रास्वपाले गृहमन्त्री नपाएपछि सरकार छाड्ने निर्णयमा पुगेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड ले गृहको साटो भौतिक पुर्वाधार तथा यातायात दिन सकिने बताएका थिए । प्रचण्ड प्रधानमन्त्री नियुक्त हुँदा रास्वपालाई गृहमन्त्री दिने सहमति भएको हो ।सहमति अनुसारको मन्त्रालय नपाएपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट सरकारमा सहभागी मन्त्रीले राजीनामा बुझाएर पार्टी निर्णय पालना गरेका छन । आइतबार साँझ प्रधानमन्त्री निवास बालुवाटारमा पुगेर रास्वपाको तर्फबाट मन्त्रिपरिषदमा रहेका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्याल, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री शिशिर खनाल र स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री डा. तोसिमा कार्कीले प्रधानमन्त्री प्रचण्डलाई राजीनामा बुझाएका छन ।

आइतबार दिउँसो बसेको रास्वपाको केन्द्रीय समिति र संसदीय दलको बैठकले सरकारलाई दिएको समर्थन कायम राख्दै पार्टीको तर्फबाट सरकारमा सहभागी मन्त्रीलाई फिर्ता बोलाउने निर्णय गरेको थियो। पार्टीको निर्णय लगत्तै रास्वपाका तीन मन्त्रीले प्रधानमन्त्री समक्ष राजीनामा बुझाउनु भएको हो । अरु दल जस्तो ल्याङ ल्याङ गर्ने रास्वपा होइन भन्ने देखाएको छ । रास्वपा सरकारबाट हटेपछि प्रधानमन्त्री एवं माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सत्तासाझेदार दलहरूबीचको एकतालाई जसरी पनि जोगाउने पक्षमा आफू रहेको बताएका छन् । राष्ट्रिय सहमति गरेर अघि बढ्ने कुरा गरिरहेको र सत्तासाझेदार दलहरूबीचको एकतालाई बचाउने चुनौती छ । त्यसका लागि रास्वपाका सभापति लामिछानेसँग छलफल गरी देखिएको समस्या तत्काल हल गर्ने प्रधानमन्त्री प्रचण्डको भनाइमा कति सत्यता छ चाँडै थाहा हुन्छ । सत्तासाझेदारबीचको एकतालाई बचाउन नसके सरकार अस्थिर रहनेछ । राजनीतिक स्थायित्वका लागि उदाएका पार्टीको व्यवहार हतारमा निर्णय गरेर फुर्सदमा पछुतो मान्ने छारास्वपाले त्यही हतारहतार निर्णय गरेर अस्थिरता निम्त्याउने काम गरेको छ ।

# अयोध्या लगिएको देवशिला उत्खननस्थलमा उद्यान बनाइने

पोखरापत्र संवाददाता
म्याग्दी, २२ माघ

भारतको अयोध्यामा निर्माणाधीन भगवान श्रीरामको मन्दिरमा राखिने मूर्ति बनाउन लगिएको देवशिला उत्खननस्थलमा उद्यान बनाइने भएको छ ।

धार्मिकस्थल गलेश्वर नजिकै पर्ने बेनी नगरपालिका-६ सेतीपहिरोस्थित कालीगण्डकी नदी किनारबाट दुई शिला अयोध्या र एक जनकपुर लगिएको थियो । गण्डकी प्रदेश सरकारले मधेस र मधेस प्रदेशले सङ्घीय सरकारमार्फत भारत सरकारलाई उपलब्ध गराएको शिला निकालिएको ठाउँमा उद्यान बनाउने तयारी गरेको नगरपालिकाले जनाएको छ । नगर उपप्रमुख ज्योति लामिछानेले देवशिला निकालिएको ठाउँको संरक्षण र प्रचारप्रसार गरी धार्मिक पर्यटन प्रवर्द्धन गर्न स्मारकसहितको उद्यान बनाउन लागिएको जानकारी दिनुभयो । "मुक्तिनाथ र मुस्ताङ जाने आउने पर्यटक तथा तीर्थयात्रीलाई लक्षित गरेर देवशिला उत्खननस्थलको संरक्षण र प्रवर्द्धन गर्ने योजना बनाएका छौं", उहाँले भन्नुभयो, "आर्थिक स्रोतको खोजी र पूर्वाधारको सम्भाव्यता अध्ययनमा जुटेका छौं।" देवशिला उत्खनन भएको गलेश्वर क्षेत्रलाई हिन्दू तथा बौद्ध धर्मावलम्बीको साझा तीर्थस्थल मुक्तिनाथको प्रवेशद्वार मानिन्छ । देवशिला लगिएपछि भारतबाट आएका तीर्थयात्रीले स्नान र अवलोकन गर्न थालेका छन् ।

हिन्दूको प्रशिद्ध धार्मिकस्थल अयोध्यामा भगवान श्रीरामको बालरुपको मूर्ति निर्माण गर्न शालिग्राम शिला पाइने विश्वकै एकमात्र नदी कालीगण्डकीको शिला लगिएको छ । नेपाल सरकार मन्त्रिपरिषद् बैठकको निर्णयानुसार १८ र १६ मेट्रिकटन तौल भएका, सात फिट लम्बाइ, पाँच फिट चौडाइ तथा तीन दशमलव पाँच फिट मोटाइका दुई शिला उपहार दिइएको हो ।

नगर प्रमुख सुरत केसीले देवशिला लिन आएका रामलीला मन्दिर निर्माण समितिका सचिव राजेन्द्रसिंह पङ्कज लगायतले स्मारक र उद्यान निर्माणमा सघाउने प्रतिबद्धता जनाएको बताउनुभयो। विस्तृतपरियोजना प्रतिवेदन (डिपिआर) बनाएर आर्थिक स्रोत जुटाउन प्रस्ताव गरिने उहाँले बताउनुभयो । स्मारक र उद्यानका साथै कालीगण्डकी नदीमा स्नान स्थल बनाउने योजना रहेको छ । कालीगण्डकी नदीका अध्येता कुलराज चालिसेले देवशिला उत्खननस्थल नजिकै फोहर फाल्ने ठाउँ स्थानान्तरण गर्नुपर्ने बताउनुभयो । देवशिला अयोध्या लैजानका लागि समन्वय गर्नुभएका पूर्व उपप्रधानमन्त्रीसमेत रहनुभएकाप्रतिनिधिसभासदस्य बिमलेन्द्र निधिले यो क्षेत्रको धार्मिक पूर्वाधार निर्माणमा सघाउन रामलीला मन्दिर निर्माण समिति र भारत सरकारले प्रतिबद्धता जनाएको बताउनुभयो ।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१, खत्री गाउँमा कृयापुत्री भवन निर्माण, पँधेरा एवं चौतारा मर्मत गर्नका लागि निम्न अनुसार को आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : खत्रीगाउँ कृयापुत्री भवन निर्माण, पँधेरा एवं चौतारा मर्मत सम्भार

**उपभोक्ता समिति**: खत्रीगाउँ कृयापुत्री भवन निर्माण, पँधेरा एवं चौतारा मर्मत सम्भार समिति, पोखरा-२१

| | |
|---|---|
| **योजना सुरु मिति** | : २०७९/१०/०२ गते |
| **योजना सम्पन्न हुने मिति** | : २०७९/१०/१८ गते |
| **महानगरपालिकाबाट प्राप्त** | : रु. ४,००,०००/- |
| **जनसहभागिता** | : रु.४५,६११/७८ |
| **योजनाको कुल लागत** | : रु. ४,४५,६११/७८ |

**उपभोक्ता समिति**

**अध्यक्षः** अर्जुनबहादुर खत्री **उपाध्यक्षः** सुजना खत्री

**सचिवः** अमिर खत्री **कोषाध्यक्षः** मिना खत्री

**सदस्यहरू** : चेतबहादुर थापा, नरमान क्षेत्री, संगीता खत्री, विष्णु खत्री र हरि बहादुर खत्री ।

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
**पर्यटन तथा उद्योग कार्यालय**
गण्डकी प्रदेश, दमौली, तनहुँ

## लिखित दाबी पेश गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९/१०/२३

पर्यटन तथा उद्योग कार्यालय, तनहुँमा मिति २०७५/०४/१४ मा दर्ता भएको प्रा.फ./सा.फ. नं. ६७७१/०७५/०७६ पोखेली पशुपंक्षी तथा कृषि फर्म नामको प्राइभेट फर्म खारेजी गरी पाउँ भनी प्रोपाइटर पोखरा महानगरपालिका-१७ बस्ने श्री लिला प्रसाद पोखेलको निवेदन परेकोले उक्त फर्मसँग कसैको कुनै प्रकारको लेनदेन वा दायित्व बाँकी रहेको भए सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र सो को प्रमाण सहितको लिखित दाबी पर्यटन तथा उद्योग कार्यालय, तनहुँमा पेश गर्न यो सूचना प्रकाशन गरिन्छ ।

उद्योगको नाम र ठेगाना
पोखेली पशुपंक्षी तथा कृषि फर्म
व्यास-१०, तनहुँ

# 'जितप्रसाद द्वा चलचित्र पत्रकारिता पुरस्कार' २०७८ बाट रेम र ०७९ बाट राजाराम पुरस्कृत हुँदै

पोखरापत्र संवाददाता
पोखरा, २२ माघ

'जितप्रसाद द्वा चलचित्र पत्रकारिता पुरस्कार' बाट पत्रकार रेम विक र राजाराम पौडेल पुरस्कृत हुने भएका छन् । चलचित्र पत्रकार संघ नेपाल, कास्कीले गण्डकी प्रदेशमा कार्यरत चलचित्र पत्रकारहरुमध्येबाट बर्षेनी एकजनालाई प्रदान गर्ने गरि यो पुरस्कार स्थापना गरेको हो ।

लामो समय चलचित्र पत्रकारितामा बिताएका रेम र राजारामलाई क्रमशः जित प्रसाद द्वा चलचित्र पत्रकारिता पुरस्कार २०७८ र ०७९ प्रदान गर्ने निर्णय भएको संघले जनाएको छ । रेम चलचित्र पत्रकार संघ कास्कीको पूर्व अध्यक्ष हुन् भने राजाराम संघका सल्लाहकार हुन् । आगामी माघ २८ गते संघको पाँचौ अधिवेशनको अवसरमा पुरस्कार प्रदान गरिने संस्थाले जनाएको छ । संघका अनुसार यो पुरस्कारको राशी २५ हजार रुपैयाँ रहेको छ ।

'हामीले यो पुरस्कारलाई ऐतिहासिक मानेका छौं । पहिलोपटक हामीले हाम्रै संस्थाका संस्थापक अध्यक्षलाई पुरस्कृत गरेका थियौं । दोस्रो र तेस्रो पुरस्कार संघका पूर्व अध्यक्ष र सल्लाहकारलाई सम्मान गर्न पाउँदा खुशी लागेको छ ।' चलचित्र पत्रकार संघ नेपाल, कास्कीका कार्यवाहक अध्यक्ष सन्तोष सुवेदीले भने-'र, यो पुरस्कार स्थापना गर्न हामीलाई सहयोग गर्ने पोखराको पुरानो फिल्म व्यवसायी घराना जितप्रसाद द्वाको परिवारलाई पनि विशेष धन्यबाद दिन चाहन्छौं ।' सुवेदीले यो पुरस्कार पुराना चलचित्रकर्मी जितप्रसाद द्वाले नेपाली चलचित्र क्षेत्रमा पुऱ्याएको योगदानलाई चिरकालसम्म सम्झिरहन र यही क्षेत्रमा कलम चलाईहेका पत्रकारहरुलाई थप हौसला प्रदान गर्न स्थापना भएको बताए ।

संघले प्रदान गर्न लागेको चलचित्र पत्रकारिता पुरस्कारको प्रतिभा छनौटका लागि नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष बिमला भण्डारीको सँयोजकत्वमा संघकै संस्थापक अध्यक्ष श्रीराम सिग्देल र गुरुङ फिल्म एशोसियसन नेपाल जिफानका अध्यक्ष गुञ्ज गुरुङ सदस्य रहेको समिति गठन गरेको थियो । सोही छनौट समितिले सिफारिश गरेअनुसार रेम र राजारामलाई पुरस्कार प्रदान गर्ने गरि संघको माघ १९ गते बसेको कार्यसमिति बैठकले निर्णय गरेको थियो । जितप्रसाद द्वा चलचित्र पत्रकारिता पुरस्कार निर्वतमान अध्यक्ष अरुण गिरी नेतृत्व कार्यसमितिले २०७७ सालदेखि प्रदान गर्न सुरु गरेको थियो । पहिलो पुरस्कार संघका संस्थापक अध्यक्ष श्रीराम सिग्देललाई प्रदान गरिएको थियो । गिरीले २०७९ मंसिर ४ को प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा कास्की क्षेत्र नं. २(२) बाट प्रदेश सभा सदस्यमा उम्मेदवारी दिएपछि संस्थाबाट राजीनामा दिएका थिए । २०६५ सालबाट बिग एफएमबाट पत्रकारिता शुरु गरेका रेम र २०६० सालबाट हिमचुली एफएमबाट पत्रकारिता शुरु गरेका राजाराम हालसम्म पनि चलचित्र पत्रकारितामा क्रियाशिल छन् ।हाल रेम मेनसमाचार डटकम र राजाराम रेडियो अन्नपूर्णमा आबद्ध छन् ।

पुरस्कारदाता द्वा परिवारले चलचित्रको उत्थानका लागि निरन्तर कलम चलाउने पत्रकारहरुलाई पुरस्कृत गर्न आफ्नो परिवारको नाममा पुरस्कार स्थापना गर्न पाउँदा निकै खुशी लागेको बताएको छ । 'हामी तेस्रो पुस्तासम्म यही चलचित्र व्यवसायमै छौं । र, चलचित्रकर्मीलाई पत्रकारिताको माध्यमबाट सदैव सहयोग गर्ने पत्रकारहरुलाई हौसला प्रदान गर्ने गरि पुरस्कार प्रदान गर्ने चलचित्र पत्रकार संघको अभियानसँग जोडिन पाउँदा हामीलाई खुशी लागेको छ ।' पुरस्कारदाता द्वा परिवारका सदस्य तथा मिडटाउन सिनेमाज्का संचालक उत्तम द्वाले भने-'चलचित्र पत्रकारहरुसँगको यो सहकार्य हाम्रो परिवारले सँधै गरिरहनेछ ।' पुरस्कारदाता जितप्रसाद द्वा पोखराका पुराना चलचित्रकर्मी हुन् । द्वाले २०३६ सालमा बुटवलमा कालिका चलचित्र मन्दिर संचालन गरि चलचित्र व्यवसायमा हात हालेका थिए । हाल उनको नाती पुस्ताले यो व्यवसायलाई विस्तार गरिरहेको छ । पोखराको पुरानो चलचित्र घर 'बिन्दबासिनी हल'सँगै उनकै नेतृत्वमा वाराही 'क', 'ख', श्रीकृष्ण र मिडटाउन सिनेमाज् हाल संचालनमा छन् । त्यो बाहेक नेपालकै अग्रणी चलचित्र वितरण कम्पनी 'एफडी' पनि द्वा परिवारले नै संचालन गरेको कम्पनी हो ।

# ठूलो राशिको भलिबल प्रतियोगिता हुने

पोखरापत्र संवाददाता
तनहुँ, २२ माघ

तनहुँमा ठूलो राशिको भलिबल प्रतियोगिता हुने भएको छ ।

सर्वाधिक राशिको फुटबल प्रतियोगिता आयोजना हुँदै आए पनि जिल्लामा भलिबलका खेल निकै कम मात्रामा हुने गरेको छ । तनहुँको भिमादमा वडा मिश्रित खुला भलिबल प्रतियोगिता हुन लागेको हो । तेस्रो भिमाद महोत्सवको अवसर पारेर भलिबल प्रतियोगिता आयोजना गरिएको खेलकुद संयोजक उज्वल खनालले जानकारी दिनुभयो ।

यही माघ १९ देखि भिमाद रङ्गशालामा तेस्रो भिमाद महोत्सव सुरु भएको छ । भलिबल प्रतियोगिता भने माघ २३ गतेबाट सुरु हुनेछ । भलिबलमा प्रथम हुनेलाई नगद रु एक लाख ५५ हजार पाँच सय ५५ र दोस्रो हुनेलाई रु ७५ हजार पाँच सय ५५ नगद प्रदान गरिनेछ । उत्कृष्ट खेलाडी, लिफ्टर र स्पाइकरलाई पुरस्कारको व्यवस्था गरिएको उहाँले बताउनुभयो । खेलाडी वडास्तरी हुनुपर्ने र बाहिरी खेलाडी बढीमा तीन जना समावेश गर्न पाइने नियम बनाइएको छ । खेलमा प्रोटेस्ट नियम लागू हुने र प्रोटेस्ट शुल्क रु तीन हजार लाग्ने जनाइएको छ। महोत्सव माघ २९ गतेसम्म सञ्चालन हुनेछ। भिमाद नगर उद्योग वाणिज्य सङ्घका अध्यक्ष हस्तबहादुर खड्काले महोत्सवले यस क्षेत्रको आर्थिक गतिविधि बढाउन, औद्योगिक उत्पादन तथा हस्तकलाका सामानको बजार प्रवर्द्धन, स्थानीय उत्पादन, लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धनमा टेवा पुग्ने बताउनुभयो । महोत्सवमा एक सय ८० 'स्टल' राखिएको छ ।

महोत्सवमा स्थानीय कला र संस्कृतिको संरक्षण तथा संवर्द्धनका लागि सांस्कृतिक कार्यक्रम तथा स्थानीय कृषि उपज प्रदर्शनी गरिएको आयोजकले जनाएको छ। महोत्सवमा करिब तीन लाख दर्शकले अवलोकन गर्ने र रु पाँच करोड बराबरको आर्थिक कारोबार हुने अनुमान गरिएको छ ।

महोत्सवबाट बचेको रकम भिमाद बजार क्षेत्रमा सिसी क्यामरा जडानमा खर्च गरिने महोत्सवका प्रवक्ता गोपाल पराजुलीले जानकारी दिनुभयो ।

# पोखरा महानगरको पार्किङ हटाउने निर्णयप्रति बुद्ध विशाल बजार व्यापारिक एशोसियसनको विरोध

पोखरापत्र संवाददाता
पोखरा, २२ माघ

पोखराको मुख्य बजार क्षेत्रबाट पार्किङ हटाउने निर्णयप्रति बुद्ध विशाल बजार व्यापारिक एशोसियसनले विरोध जनाएको छ ।

पोखरामहानगरपालिकाले माघ २३ गतेदेखि पृथ्वी चोक, सभागृह चोक, न्यूरोड, चिप्लेढुङ्गा, महेन्द्रपुल, नयाँबजार लगायतका मुख्य व्यापारिकक्षेत्रका सडकमा सवारी पार्किङ निषेध गर्ने निर्णय गरेपछि एशोसियसनले गम्भीर ध्यानाकर्षण भएको समेत जनाएको छ । बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका अध्यक्ष केशब बहादुर खत्रीद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ 'कोभिड-१९ कोमहामारी, बैंक तथा वित्तीय संस्थाको चर्को ब्याजदरबाट थला परेका व्यवसायीहरुलाई यो निर्णयले आहत पुऱ्याउँछ भन्नेतर्फ महानगरलेध्यान नदिएको तथा महानगरले दीर्घकालीन महत्वको निर्णय लिँदा सरोकारवाला सघसस्था कुनैसँग पनि परामर्श नगरेको उल्लेख छ ।

बुद्ध विशाल बजार व्यापारिक एशोसियसनक अध्यक्ष केशब बहादुर खत्रीले पार्किङ हटाउने महानगरको निर्णयले व्यापार, व्यवसायमा व्यापकगिरावट आउने उल्लेख गर्दै व्यवसाय नै बन्द गरेर सडकमा ओर्लनुपर्ने अवस्था आउन सक्ने बताए ।

प्रेस विज्ञप्तिमा भनिएको ' पोखराका धेरै जसो ठाँउमा ट्राफिक जामको समस्या छैन महानगरले एकतर्फी निर्णय गरेर लागु गरेमा यसकोमूल्य हामीले मात्र होइन महानगरले पनि चुकाउने अवस्था आउन सक्ने चेतावनी दिदै अध्यक्ष खत्रीले हाम्रो दिनहुँ हुने व्यापारमा असर पर्नेर यसले सरकारको राजस्वमा पनि प्रत्यक्ष प्रभाव पार्ने उल्लेख गरेका छन् ।'


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : मन चञ्चल | कुम्भ | : मानसिक तनाव |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# म्याग्दीका ठूला आयोजना अलपत्र

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २२ माघ**

म्याग्दी जिल्लामा सञ्चालित १९ ठूला आयोजनाको निर्माण अलपत्र परेका छन् । सडक, खानेपानी, प्रसारण लाइन, अस्पताल भवनलगायत आयोजना निर्माणमा भएको ढिलासुस्तीले सर्वसाधारणलाई सास्ती भएको छ। सङ्घीय र प्रदेश सरकारमार्फत सञ्चालित आयोजनाको ठेक्का अवधि सकिए पनि निर्माण पूरा नहुँदा र निरन्तरता नपाउँदा अलपत्र बनेका हुन् ।

अलपत्र पर्नेमा गण्डकी प्रदेश सरकारका ११ र सङ्घीय सरकारका आठवटा छन्। आठवटा आयोजना सडकसम्बन्धी छन् । रु सात अर्ब लागत अनुमान गरिएको राहुघाट जलविद्युत् आयोजनाबाहेकका अन्य अलपत्र र अधुरा आयोजनाको लागत रु चार अर्ब ५० करोडभन्दा बढी छ । प्रशासनिक, राजनीतिक र व्यावसायिक पहुँच भएका निर्माण व्यवसायीको अटेरी, आयोजना र कार्यालय प्रमुख तथा सरोकारवालाले चासो नदिनुका साथै पर्याप्त बजेट नआउने, निर्माण व्यवसायीले उपकरण, मजदुर परिचालन र निर्माण सामग्री जुटाउन नसक्दा आयोजना अलपत्र बनेका म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष बेलबहादुर कटुवालले बताउनुभयो । स्थानीयस्तरको विवाद समयमै सहजीकरण र समाधान नहुनु, नदीजन्य निर्माण सामग्रीको असहजता, स्वार्थ समूहको चलखेल, अनुगमन र नियमन गर्ने पर्याप्त प्राविधिक जनशक्तिको कमी पनि आयोजना अलपत्र हुनुका कारण देखिएका छन् । रातोढुङ्गा सबस्टेशन, बेनी-जोमसोम-कोरला, लाम्पाटा-दरवाङ, रत्नेचौर-बेनी, पोखरेबगर-चित्रे, गलेश्वर-राखु, मालढुङ्गा-बेनी सडक, छ्यारछ्यारे, अर्गला, भारवाङ, दुखुखोलाको मोटरेबल पुल निर्माणकार्य अलपत्र बनेका छन् । सम्बद्ध कार्यालयका अनुसार अलपत्र परेकामध्ये केही आयोजना दुई- तीन वर्षअघि नै निर्माण सकिनुपर्ने थियो । बेनी अस्पताल, ताकम अस्पताल, मल्कवाङ स्वास्थ्यचौकी, औला सिँचाइ, रत्नेचौर लिफ्ट खानेपानी, रावण पार्कलगायतका आयोजना पनि अलपत्रको सूचीमा परेका छन् । म्याग्दी प्रदेशसभा क्षेत्र नं (२) बाट निर्वाचित गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री रेशम जुग्जालीले अलपत्र आयोजना पहिचान गरी निर्माणलाई गति दिन सम्बद्ध कार्यालय, आयोजना, प्रदेश र सङ्घीय मन्त्रालयमा ताकेता गरिएको बताउनुभयो ।

"प्रत्येक आयोजनाको एक-एक अध्ययन र समस्या पहिचान गरी निर्माणलाई अघि बढाउन स्थानीय तह, प्रशासन, आयोजना, निर्माण व्यवसायीसँग समन्वय गरेका छौँ", उहाँले भन्नुभयो, "नागरिक, राजनीतिक, प्रशासनिक र सञ्चार क्षेत्रबाट पनि अधुरा आयोजनालाई पूर्णता दिन चौतर्फी दबाब सिर्जना गराएका छौँ ।"

# लियो हेमजाको स्थापना दिवस तया सम्मान पुरस्कार वितरण समारोह

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ माघ**

लियो क्लब अफ हेमजाको ८ औं स्थापना दिवसका अवसरमा सम्मान तथा पुरस्कार वितरण कार्यक्रम शनिवार पोखरा स्थीत ग्रिन हाउस पार्टी प्यालेसमा सम्पन्न भएको छ ।

क्लबका अध्यक्ष निराजन अधिकारीको अध्यक्षता तथा लायन्स क्लब इन्टरनेसनल ३२५ जे नेपालका मार्केटिङ चिफ एवं पोखरा महानगरपालिकाका प्रवक्ता साथै वडा नं २५ हेमजाका अध्यक्ष लायन मोतिलाल तिमिल्सिनाको प्रमुख आथित्यता, साथै संस्थापक अध्यक्ष सुर्यराज त्रिपाठी, लायन्स क्लब अफ हेमजाका उपाध्यक्ष एवं लियो एडभाईजर लायन शन्तमान श्रेष्ठ, क्लबका पुर्व अध्यक्षहरुको विशिष्ट आतिथ्यतामा कार्यक्रम भएको हो । उक्त अवसरमा क्लबका पुर्व अध्यक्ष साथै लियो जिल्ला परिषद ३२५ जे नेपालका उपाध्यक्ष विष्णु प्रसाद दाहाल, संस्थापक अध्यक्ष सुर्यराज त्रिपाठी, नविन त्रिपाठी, बलराम पौडेल, विकास त्रिपाठी, विजय त्रिपाठी, साथै निर्वातमान अध्यक्ष सबिना तिमिल्सिनालाई क्लबका अध्यक्ष निराजन अधिकारीले प्रशंसा-पत्रका साथ सम्मान गर्नुभएको यियो ।

निर्वातमान अध्यक्ष सविना तिमिल्सिनाले लियो लायन्स वर्ष २०२१/२२ सफल पार्न बिषेश योगदानदिनु भएका बर्तमान अध्यक्ष निराजन अधिकारी, प्रथम उपाध्यक्ष मनोज त्रिपाठी, द्धितिय उपाध्यक्ष शुसान्त बास्तोला, कोषाध्यक्ष सुशान्त बास्तोला, सह- कोषाध्यक्ष शुसिल त्रिपाठी, टेकनिकल कोअर्डिनेटर अर्जुन अधिकारी, सदस्य मनिषा के.सी, पुजा तिमिल्सिना र सृष्टि तिमिल्सिनालाई प्रसंसा-पत्रका साथ सम्मान गर्नुभएको हो। साथै नयाँ सदस्यलाई स्वागत समेत गरिएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अथिति तिमिल्सिनाले लियो क्लब हेमजाको सामाजिक कार्य प्रतिको सक्रियताको उच्च सम्मान ब्यक्त गर्दै वडा नं. २५ हेमजाले क्लबका हरेक गतिविधिहरुमा आवस्यक सहकार्य गर्ने प्रतिबद्धता ब्यक्त गर्नुभयो । क्लब सदस्यरुको अभिभावकको प्रतिनिधित्व गर्दै झकंनाथ तिमिल्सिना र रमा त्रिपाठीले शुभकामना दिनुभयो। लियो एडभाईजर एवं पुर्व अध्यक्षहरुले पनि धन्यवाद सहित शुभकामना दिएका यिए।

क्लबका सदस्य स्वस्तिका बास्तोला, दिब्या त्रिपाठी, अनिषा अधिकारीले स्वागत नृत्य प्रस्तुत गरेका थिए भने अनिषा अधिकारी, मानिषा के.सी र एलिसा कुवंरले स्वागत गित प्रस्तुत गरेका थिए। साथै लियो प्लेज अनिषा दाहाल, ध्वजाको अभिबादन दिब्या त्रिपाठीले वाचन गरेका थिए।

क्लबका प्रथम उपाध्यक्ष मनोज त्रिपाठीको स्वागत मन्तब्य बाट सुरुभएको कार्यक्रम धन्यवाद सह-सचिव एवं कार्यक्रम संयोजक शुसिल त्रिपाठीले साथै कार्यक्रमको सहजिकरण सचिव कपिल दाहालले गरेका थिए।

# काहुँडाँडा चिनाउन महोत्सव

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ माघ**

पोखराको उत्तरपूर्वस्थित काहुँडाँडा अहिले आन्तरिक र बाह्य रोजाइको गन्तव्यका रूपमा विकास हुँदैछ ।

कुनै समय प्रचार-प्रसार अभावले गुमनामजस्तै बनेको यो डाँडा सडकको विस्तारले पर्यटकको रोजाइमा पर्न थालेको छ । यहाँ बनाइएको काहुँ धराहराबाट पोखरा उपत्यका अलवोलक गर्न सकिने भएकाले पनि डाँडा उक्लनेहरू बढिरहेका छन्। काहुँ डाँडाको अझ प्रचार-प्रसार गर्नका लागि महोत्सव आयोजना गर्न लागिएको छ। पर्यटन प्रवर्द्धन गर्न अगामी फागुन ४ देखि फागुन १४ गतेसम्म काहुँ धरहरा महोत्सव हुने भएको छ । पर्यटन क्षेत्रको प्रवर्द्धन र विकास गर्दै समृद्ध देश निर्माणका लागि महोत्सव आयोजना गर्न लागिएको महोत्सव आयोजक संयोजक देवबहादुर गुरुङले जानकारी दिनुभयो । काहुँको पर्यटन क्षेत्रको विकास गर्दै दृश्यावलोकनको गन्तव्यका रूपमा विकास गर्न सकिने जनकल्याण क्लबका अध्यक्षसमेत रहनुभएका गुरुङले बताउनुभयो । महोत्सवको माध्यमबाट राष्ट्रिय तथा अन्तर र्ष्ट्रिय क्षेत्रमा व्यापक प्रचार-प्रसार भएमा काहुँ क्षेत्रको विकासमा सहयोग पुग्ने उहाँको धारणा छ । महोत्सव अवधिभर ५० हजार दर्शकले महोत्सवको अवलोकन साथै राष्ट्रिय फूल लालीगुँरासलगायत हिमशृङ्खलाको दृश्यावलोकन गर्ने आयोजकले बताएको छ । महोत्सवमा राष्ट्रिय कलाकारको प्रस्तुति, खुला भजन चुट्का प्रतियोगिता, विद्यालयस्तरीय खुला नृत्य प्रतियोगिता, चित्रकला प्रतियोगिता, लाइभ म्युजिक कर्न्सट, स्थानीय उत्पादनको प्रदर्शनी हुनेछ। पोखरा महानगरपालिका-११ स्थित यो डाँडाबाट पोखरा महानगरपालिकाभित्रका ३३ वटै वडासहित माछापुच्छ्रे र अन्नपूर्ण हिमश्रृङ्खला अवलोकन गर्न सकिन्छ । करिब दुई हजार दुई सय घरधुरी र १५ हजार जनसङ्ख्या रहेको यस क्षेत्रमा सांस्कृतिक विविधताको समिश्रण अर्थात् ब्राम्हण, क्षेत्री, गुरुङ, मगर र दलितहरूको बसोबास छ। पोखरा सहरबाट नजिकै रहेको लालीगुराँस फुल्ने काहुँडाँडामा प्राचीन समय काउना खेती गरिने हुँदा काउनोबाट काहुँ हुँदै अपभ्रंश भएर काँहुडाँडा रहन गएको स्थानीयवासीको भनाइ छ। यस क्षेत्रको विकास र प्रचार-प्रसारका लागि विसं २०६२ र २०७५ मा काँहु धरहरा महोत्सव आयोजना गरिएको थियो।

# हिमपात र वर्षा नहुँदा हिउँदेबाली सुक्न थाले

**-कमल खत्री**
**म्याग्दी, २२ माघ (रासस)**

यस वर्षको हिउँदयाममा हिमपात र वर्षा नभएपछि हिउँदेबाली खेतबारीमै सुक्न थालेका छन् । अघिल्लो वर्ष माघ तेस्रो सातासम्म तीनपटक हिमपात भएको भए पनि यस वर्ष भने हिमपात र वर्षा भएको छैन। हिमपात र वर्षा नहुँदा बेँसीबाट हिमाली क्षेत्रसम्म गरिएको हिउँदेबाली खेतबारीमै सुक्न थालेको हो।

वर्षा र हिमपात नभएपछि सिँचाइको अभावले गहुँ, जौँलगायतका हिउँदे खेती खेतबारीमैसुक्नथालेकोधवलागिरि गाउँपालिका-२ लमसुङका पलु पुनले बताउनुभयो । "यो समयमा गत वर्ष तीनपटकसम्म हिमपात भएको थियो, तर अहिले हिमपात भएको छैन, वर्षासमेत गत कात्तिक महिनायता भएको छैन, हिउँदेबाली खेतबारीमै सुक्न लागेका छन्", उहाँले भन्नुभयो।

यस वर्ष म्याग्दीमा धानको फुल लाग्ने बेलामा भएको भारी वर्षाको कारण धान उत्पादन घटेको अवस्थामा हिउँदेबालीसमेत खेतमै सुक्न थालेपछि कृषक समस्यामा परेका छन् । खेतमा लगाएको गहुँ, जौँसँगै तरकारी खेतीमा समेत सिँचाइ गर्न समस्या भएको धवलागिरि गाउँपालिका-७ ताकमका स्थानीय दीपक सुवेदीले बताउनुभयो। हिमपातले हिउँदेबालीमा सिँचाइ हुने भए पनि नहुँदा सिँचाइको अभाव हुने र ढिला हिमपात हुँदा अन्नबालीको उब्जनी घट्ने भएकाले कृषकका लागि समयमै हिमपातको महत्व रहेको सुवेदीको भनाइ छ । समयमै हिउँ नपर्दा पानीका मुल सुक्ने, असिना पर्ने र त्यसले बालीनालीमा क्षति पुऱ्याउने भएकाले पनि कृषक हिमपातको प्रतिक्षमा छन्। हिमपात नभएपछि हिमशृङ्खला कालापत्थर देखिन थालेका छन् । हिउँले सेताम्मे ढाकिनुपर्ने हिमाल हिमपात नभएको र पग्लिएर नाङ्गिन थालेका छन्। पुसदेखि माघसम्म सेताम्मे देखिनुपर्ने हिमालमा यस वर्ष हिमपातमा ढिलाइ हुँदा हिउँ पग्लिएर हिउँको मात्रा घट्दै गएका छन्। जलवायु परिवर्तनको असर हिमाली क्षेत्रमा प्रत्यक्षरूपमा पारेको स्थानीयवासीको भनाइ छ । हिमपात नभएपछि हिमालको हिउँ पग्लिएको छ । हिउँ पग्लिएपछि हिमाल नाङ्गिँदै गएका छन् । पछिल्लो वर्षहरूमा हिमपात पर्ने समय नै परिवर्तन भएको छ। मौसम फेरिएर पुस-माघमा हिउँ नपर्ने र फागुन-चैतमा हिउँ पर्ने अवस्था आएको छ । हिउँ नपरेपछि यतिबेला धवलागिरि, नीलगिरि, अन्नपूर्ण, गुर्जा, चुरेनलगायतका हिमाल रङ उडेझैं फिक्का देखिन थालेका छन् । मौसमी हिमपात हुन छाडेर बेमौसमी हिमपात हुन थालेपछि स्थानीयवासीले हिमाली तथा उच्च पहाडी क्षेत्रमा जलवायु परिवर्तनको असर महसुस गर्न थालेको धवलागिरि गाउँपालिका-१ गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्याललले बताउनुभयो।

समयमा हिमपात नहुँदा हिमालमा हिउँको मात्रा घट्दै जाँदा हिमाल काला पहाडजस्ता देखिन थालेको र जङ्गली फूलहरूमा समेत त्यसको प्रभाव देखिएको म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ घोरेपानीका पर्यटन व्यवसायी क्याप्टेन डमबहादुर पुनले बताउनुभयो । "हिउँ परे हिमाल सेताम्मे हुन्थे, हिमपातपछि मौसम खुल्थ्यो, अहिले दिनहुँ हुस्सुमात्रै छ, हिमाल पनि हिउँविहीन देखिन थालेका छन्, मौसम यसरी नै बिग्रँदै जाने हो भने हिउँदमा हिमपात नै नहुने हो कि भन्ने जोखिम बढेको छ", अन्नपूर्ण गाउँपालिकाका निवर्तमान अध्यक्षसमेत रहनुभएका पुनले भन्नुभयो।

गत वर्ष पुस पहिलो साता नै हिमपात भएपछि हिउँ खेल्नका लागि पर्यटकको चहलपहल भएको स्मरण गर्दै पुनले यस वर्ष हिउँ नपरेपछि पर्यटनसमेत प्रभावित बनेको सुनाउनुभयो । "हिउँ खेल्न पर्यटक खचाखच हुन्थे, अहिले त घोरेपानीका ठूला २२ वटासहित सबै होटल सुनसान छन्, सुक्खा जाडोको कारण नेपाली पर्यटक पनि घुम्न आउने घटेका छन्", उहाँले भन्नुभयो। हिउँ नपरे पनि चिसो भने अत्यधिक बढेपछि जनजीवन प्रभावित बनेको छ । म्याग्दीमा हिमपात भएपछि पर्यटकीयस्थल पुनहिलसँगै टोड्के, रुइसे, झाँक्रेपानी, मालिका धुरी, दुरलेकलगायतका स्थानमा पर्यटकको चहलपहल बढ्ने गर्दछ । जलवायु परिवर्तनको असर हिमालमा मात्रै होइन, जङ्गली फूलहरूमा पनि देखिन थालेको छ। चैत-वैशाखमा फुल्ने लालीगुराँस यस वर्ष पुसदेखि नै फुलेको देखिएको छ। जङ्गलमा लालीगुराँस पुसमै फुलेपछि अचम्मित बनेको जनता मावि दग्नामका प्रअ गुनबहादुर पुनले बताउनुभयो । "मौसम परिवर्तन हुँदै गएको छ, भारी वर्षा र भारी चिसोको समस्या हरेक वर्ष बढ्दो छ, पानी र हिउँ समयमा पर्दैन, वनका फूलहरू बेमौसममा फुल्न थालेका छन्", प्रअ पुनले भन्नुभयो।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २२, मा वडा कार्यालय देखि घरेडीसम्मको मोटर बाटो निर्माण गर्नका लागि निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : वडा कार्यालय घरेडी मोटर बाटो
उपभोक्ता समिति: वडा कार्यालय घरेडी मोटर बाटो उपभोक्ता समिति, पोखरा २२
योजना सुरु मिति : २०७९/०८/१० गते
योजना सम्पन्न हुने मिति : २०७९/१०/३० गते
योजना सम्पन्न भएको मिति : २०७९/१०/२१ गते
योजनाको कुल लागत : रु. ७,७७,७७९/६२
महानगरपालिकाबाट प्राप्त : रु. ७,००,०००/-
जनश्रमदान : रु.७७७७९/६२

**सन्तोष कुमार गुरुङ**
अध्यक्ष
**वडा कार्यालय घरेडी मोटर बाटो उपभोक्ता समिति**
पोखरा-२२, कास्की

## Pokhara Metropolitan City
## Office of Municipal Executive
**Newroad, Pokhara**
**Gandaki Province, Nepal**

## Notice of Letter of Intent

**Date of Publication: 2078/10/23 (6th February 2023)**

For the provision on sub clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is notifying to all Bidders who submitted their bids for the contracts as per the IFB Notice published on different dates on different National Daily,that the following mentioned lowest evaluated substantially responsive bidder is intended to award the Contract.

| SN | Name of Project | Contract Identification No | Name of Successful Bidders | Bid Amount Excluding VAT and PS (NRs.) | IFB Notice Publication dates |
|---|---|---|---|---|---|
| 1. | Construction of Ward office Compound wall ward No- 30 | 56/PMC/NCB/W/079-080 (IFB No: 17.3/PMC/079-080) | All in One Construction Pvt. Ltd. | 20,55,120.60 | 25/07/2079 |
| 2. | Construction of Retaining wall and Compund wall at ward office Building ward No. 18 | 59/PMC/NCB/W/079-080 (IFB No: 18.33/PMC/079-080) | Sarangkot Nirman Sewa | 20,22,972.00 | 12/08/2079 |
| 3. | Construction of Urban Health Post (Sahari Swathya Kendra Talla Thap) PMC -17 | 68/PMC/NCB/W/079-080 (IFB No: 22.1/PMC/079-080) | Binu Construction | 63,60,358.20 | 04/09/2079 |
| 4 | Upgrading of Bhalam Phat to Timur Chaur Road PMC-20 | 69/PMC/NCB/W/079-080 (IFB No: 22.2/PMC/079-080) | Gud Engineering Services Pvt. Ltd. | 46,22,932.50 | 01/09/2079 |
| 5 | Construction of Compound wall at Ward No 12 Office Budilding PMC -12 | 70/PMC/NCB/W/079-080 (IFB No: 22.3/PMC/079-080) | Rup Nirman Sewa | 44,46,235.60 | 01/09/2079 |
| 6 | Upgrading of Rithaghat Ryale Chaur Road PMC-20 | 71/PMC/NCB/W/079-080 (IFB No: 22.4/PMC/079-080) | Gud Engineering Services Pvt. Ltd. | 38,04,240.30 | 01/09/2079 |
| 7 | Construction of Devisthan Chapaghat Motor Bato Nirman PMC-25 | 72/PMC/NCB/W/079-080 (IFB No: 22.5/PMC/079-080) | Sky Construction and Builders | 19,57,431.60 | 01/09/2079 |
| 8 | Upgrading of Arba Mauja Kulayan Road PMC-13 | 73/PMC/NCB/W/079-080 (IFB No: 23.1/PMC/079-080) | Aadhikhola Engineering Consultancy and Construction Pvt. Ltd | 38,25,214.46 | 04/09/2079 |
| 9 | Upgrading Drain of ward No -12 simana to gaundako Mukh BP Marga Raod | 75/PMC/NCB/W/079-080 (IFB No: 23.3/PMC/079-080) | Erica Developers Pvt. Ltd. | 21,84,779.00 | 04/09/2079 |
| 10 | Ward No-11 Building Compound Wall Construction | 77/PMC/NCB/W/079-080 (IFB No: 24.2/PMC/079-080) | Bishwash Nirman Sewa | 23,59,732.00 | 05/09/2079 |

**Chief Administrative Officer**